# नेपाली महावाणिज्यदूतावास
# Consulate General of Nepal

नोर्बुलिंका रोड-१३, ल्हासा, तिब्बत, चीन
Norbulingka Road-13, Lhasa, Tibet, China


हिजो मिति २०८३ भदौ १० गते, बुधबार तदनुसार अगष्ट २६, २०२६ का दिन रसुवागढीमा रहेको नेपाल चीन सीमा नाकास्थित भोटेकोशी नदीमा आएको अकल्पनीय र विनाशकारी बाढीमा परी नेपाल तर्फ रसुवा, नुवाकोट, धादिङ लगायतका जिल्लाहरूमा तथा मित्र राष्ट्र चीन तर्फ समेत ठूलो धनजनको क्षति भएकोमा नेपाली महावाणिज्यदूतावास ल्हासा, गहिरो दु:ख व्यक्त गर्दछ । यस प्राकृतिक विपत्तिमा परी दिवङ्गत भएका सम्पूर्ण मृतकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं । दु:खको यस घडीमा तटीय क्षेत्रमा उच्च सतर्कता अपनाउँदै बाढी प्रभावित क्षेत्रमा उद्धार र खोज कार्यमा मन, वचन र कर्मले क्रियाशील हुन संबन्धित सबैमा अनुरोध गर्दछौं ।

साथै मित्र राष्ट्र चीनको सिचाङ स्वायत्त क्षेत्रमा नेपाली नागरिक र तीर्थयात्रीहरूको खोजी र उद्धार कार्यका सन्दर्भमा गर्नु पर्ने कार्यकालागि यस महावाणिज्यदूतावासका निम्न कर्मचारी मार्फत सम्पर्क गर्नु हुन अनुरोध गर्दछौं ।

**<u>सम्पर्क गर्ने कर्मचारी</u>**

पब्लिक रिलेसन अफिसर श्री युवराज क्षेत्री - ००८६१३५४९०६७४८१


Phone: +86-891-6830609, 6815744, Fax: +86-891-6836890, Email: cgnlhasa@mofa.gov.np, Website: lxa.nepalconsulate.gov.np